# ग्रामथान राजपत्र

# ग्रामथान गाउँपालिकाद्वारा प्रकाशित

## खण्ड: ९ संख्या ४ मिति २०८२/१२/२५

ग्रामथान गाउँपालिकाको गाउँसभाले बनाएको तल लेखिएबमोजिमको निर्देशिका

सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को (ज) र ग्रामथान शिक्षा ऐन तथा नियमावली, २०७७ को दफा ४९ ले दिएको अधिकार प्रयोग गरि ग्रामथान गाउँपालिकाको गाउँसभाले यो स्थानीय **"विद्यालय समायोजन तथा शिक्षक दरबन्दी मिलान** कार्यान्वयन **निर्देशिका, २०८२"** जारी गरेको छ

**"विद्यालय समायोजन तथा शिक्षक दरबन्दी मिलान कार्यान्वयन निर्देशिका, २०८२"**

परिच्छेद - १

संक्षिप्त नाम र प्रारम्भ

१. संक्षिप्त नाम र प्रारम्भ

२. परिभाषाहरु

परिच्छेद - २

विद्यालय समायोजन सम्बन्धी व्यवस्था

३. विद्यालय समायोजन कार्यविधि

४. दरबन्दी मिलानका आधारहरु

५. विद्यालयको स्तर वृद्धिका लागि हुने समयोजन

६. सामयोजन हुने वा गाभिएका विद्यालयहरुको नामाकरण

परिच्छेद -३

भौतिक, शैक्षिक व्यवस्थापान र अनुदान सम्बन्धी व्यवस्थापन

७. विद्यालय समायोजन पछि गर्नु पर्ने भौतिक व्यवस्थापन

८. प्रोत्साहन अनुदान दिईने

९. विद्यालय समायोजन पछि गर्नुपर्ने शिक्षक व्यवस्थापन

१०.विद्यालय समायोजन पछि गर्नुपर्ने अन्य व्यवस्थापन

परिच्छेद - ४

विद्यालय समायोजन सम्बन्धी शिक्षा शाखा तथा गाउँ शिक्षा समितिहको भूमीका

११.शिक्षा शाखाको काम

१२.गाउँ शिक्षा समितिको काम

परिच्छेद -५

विविध

१३.निर्देशिका संसोधन

१४.बाझिएमा अमान्य हुने

१५.व्याख्या

# विद्यालय समायोजन तथा शिक्षक दरबन्दी मिलान कार्यान्वयन निर्देशिका, २०८२

गाउँ सभाबाट स्वीकृत २०८२/१२/२५

प्रस्तावना

ग्रामथान गाउँपालिका क्षेत्र भित्र प्रारम्भिक बाल कक्षादेखि कक्षा १२ सम्मको विद्यालय शिक्षालाई गुणस्तरीय र समायानुकूल बनाउन दुई वा दुई भन्दा बढी विलालयहरुलाई एउटा विद्यालयमा गाभी विद्यालय समायोजन र विद्यार्थी संख्याको अनुपातमा शिक्षक व्यवस्थापन गर्न दरबन्दी मिलान सम्बन्धी कार्यलाई व्यवस्थित रुपमा अगाडी बढाउनका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को (ज) र ग्रामथान शिक्षा ऐनको दफा ४९ तथा नियमावली, २०७७ दफा १११ ले दिएको अधिकार प्रयोग गरि यो निर्देशिका जारी गरिएको छ।

## परिच्छेद- १
## संक्षिप्त नाम र प्रारम्भ

१. **संक्षिप्त नाम र प्रारम्भ**

(१) यस निर्देशिकाको नाम विद्यालय समायोजन तथा शिक्षक दरबन्दी मिलान कार्यान्वयन निर्देशिका, २०८२ रहेको छ ।

(२) यो निर्देशिका ग्रामथान गाउँपालिका अन्तर्गतका सम्पुर्ण सामुदायिक तथा संस्थागत विद्यालयहरुका हकमा लागू हुनेछ।

२. (क) **"मन्त्रालय"** भन्नाले शिक्षा, विज्ञान तथा प्राविध मन्त्रालय संझनुपर्छ।

(ख) **"विभाग"** भन्नाले शिक्षा तथा मानव स्रोत विकास केन्द्र संझनुपर्छ।

(ग) **"ऐन"** भन्नाले शिक्षा ऐन, २०२८ संझनुपर्छ।

(घ) **"नियमावली"** भन्नाले शिक्षा नियमावली, २०५९ (संसोधनसहित) को संझनुपर्छ।

(ङ) **"गाउँ शिक्षा ऐन"** भन्नाले ग्रामथान शिक्षा ऐन, २०७७ संझनुपर्छ।

(च) **"गाउँ शिक्षा नियमावली"** भन्नाले ग्रामथान शिक्षा नियमावली , २०७७ संझनुपर्छ।

(छ) **"विद्यालय समायोजन"** भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) अनुसार दुई वा दुई भन्दा बढी विद्यालयहरु एक आपसमा गाभ्ने वा एक आपसमा गाभी नयाँ विद्यालय स्थापना गर्ने वा विद्यालयहरुको तह वा कक्षा घटाउने वा तह थप गर्ने वा विद्यालय बन्द गर्ने समेतको कार्यलाई जनाउँछ।

(ज) **"दरबन्दी मिलान"** भन्नाले विद्यार्थी संख्या कम भई विद्यालय समायोजन भएका र यस निर्देशिका बमोजिम शिक्षक विद्यार्थी अनुपान कम भएका शिक्षकहरुलाई दरबन्दी कम भएका वा कुनै प्रकारका दरबन्दी नभएका विद्यालयहरुमा व्यवस्थापन गर्ने कार्यलाई संझनुपर्छ।

(झ) **"गाउँपालिका"** भन्नाले ग्रामथान गाउँपालिका संझनुपर्छ।

(ञ) **"गाउँ शिक्षा समिति"** भन्नाले ग्रामथान गाउँपालिकाको शिक्षा ऐन, २०७७ को दफा ९ (१) बमोजिम गठन भएको समितिलाई संझनुपर्दछ।

(ठ) **"अनुगमन समिति"** भन्नाले ग्रामथान गाउँपालिकाको शिक्षा ऐन, २०७७ को दफा १० (१) बमोजिम गठन भएको समितिलाई संझनुपर्दछ।

## परिच्छेद- २
## विद्यालय समायोजन सम्बन्धी व्यवस्था

३. **विद्यालय समायोजन कार्यविधि:**

(१) यो निर्देशिका प्रारम्भ हुँदाका बखत सञ्चालनमा रहेका विद्यालयहरु मध्ये एक विद्यालय अर्को विद्यालयको नजिक दुरीमा रहेर सिमित जनसंख्यालाई सेवा पुर्याएका तर आधरभूत विद्यालय ( कक्षा १-३ वा कक्षा १-५ वा कक्षा १-८) विद्यालयका रुपमा सञ्चालन गर्नका लागि न्यूतत्तम आधारहरु पनि पुरा हुन नसक्ने विद्यालयहरुलाई नजिकको विद्यालयसँग गाभी सञ्चालनमा ल्याइनेछ ।

(२) माद्यमिक तह ( कक्षा ९-१० वा ९-१२ सञ्चालनमा रहेका विद्यालयहरुका लागि पनि यो व्यवस्था लागू हुनेछ ।

(३) विद्यालय समायोजन वा गाभ्ने सम्बन्धी ऐन तथा नियमावली र यस निर्देशिकाको व्यवस्था कार्यान्वयन गर्ने सम्बन्धमा कुनै द्विबिधा भएमा गाउँकार्यपालिकाले निर्णय प्रकृयामा सरलिकृत गरिनेछ ।

(४) विद्यालय समायोजन र दरबन्दी मिलानका लागि आवश्यक सहयोग जुटाउनका लागि गाँउँपालिकाले सम्बन्धित नियकायहरुसँग समन्वय र सहकार्य गर्नेछ ।

(५) गाउँपलिकाबाट विद्यालय समायोजन र दरबन्दी मिलानका कार्यक्रमको अनुगमन, मूल्याङ्कन तथा उपलब्धी समीक्षा गरि आगामी कार्यक्रमहरुलाई मार्ग निर्देशन गर्न सक्नेछ ।

(६) विद्यालय समायोजनका आधारहरु: (१) विद्यालय समायोजन तथा दरबन्दी मिलान सम्बन्धी निर्देर्शिका २०७७ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले दिएको अधिकार प्रयोग गरि गाउँ शिक्षा समितिले दुई वा दुई भन्दा बढी सामुदायिक विद्यालयहरुलाई गाभ्न एउटा विद्यालयमा कायम गर्न वा स्थान परिवर्तन गर्न वा तह तथा कक्षा घटाउँन देहायको आधारमा गर्न सकिनेछ ।

(क) दुई वा सो भन्दा वढी विद्यालय परिसर एक आपसमा जोडीएको,

(ख) दुई वा सो भन्दा वढी विद्यालय विचको पैदल दूरी ३० मिनेट भन्दा कम रहेमा,

(ग) कुनै विद्यालयमा देहायको विद्यार्थी संख्या कायम नरहेमा र भविष्यमा पनि उक्त विद्यार्थी संख्या पुग्ने पर्याप्त आधार नदेखिएमा

| क्र.स. | कक्षा | न्यूनत्तम विद्यार्थी संख्या | कैफियत |
|---|---|---|---|
| १ | बालबिकास केन्द्र | १० | समितिको निर्णयानुसार |
| २ | कक्षा १-३ | १५ | |
| ३ | कक्षा १-५ | २० | |
| ४ | कक्षा ६-८ | ३० | |
| ५ | कक्षा ९-१० | २० | |
| ६ | कक्षा ११-१२ | ५० | |

तर नजिकको दुरीमा अन्य विद्यालय नभएको तथा अलग्गै बस्ती भएको भौगोलिक विकटता भएमा त्यस्तो विद्यालय र दुरी आधा घण्टा भन्दा कम भएको तर न्यूतत्तम विद्यार्थी संख्या पुगेको विद्यालय गाभ्न वा तह घटाउन बाध्य परिनेछैन । साथै शैक्षिक उपलब्धी सन्तोषजनक भएका विद्यालयहरुलाई तह घटाउने वाध्य पारिनेछैन ।

(घ) नजिकको दुरीमा रहेको र आपसमा गाभीएर उच्च तहको विद्यालयको हैसियत प्राप्त गर्न चाहने दुई वा सोभन्दा वढी विद्यालय।

(ङ) जनसंख्या बृद्धिदर कम भएको, जनसंख्या वृद्धि घट्दो दरमा भएको र भविष्यमा पनि जनसंख्या नबढ्ने खालको समुदायमा स्थापना भएको दुई वा सोभन्दा वढी विद्यालयहरु।

(च) भौगोलिक रुपले विकटता नभएको अवस्था।

(छ) दुई वा दुई भन्दा वढी विद्यालय गाभी नयाँ विद्यालय स्थापना गर्न, ठाउँ परिवर्तन गर्न वा तह तथा कक्षा घटाउँनका लागि सम्बन्धित विद्यालय र गाउँ शिक्षा समितिले तोकिएको स्थानमा विद्यालय स्थापना वा कक्षा तथा तह घटाउने कार्य गर्नेछ।

(ज) विद्यालय गाभिएपछि कायम भएको विद्यालयको नाममा गाभिने विद्यालयहरुको सबै चल अचल सम्पत्ति दाखिला खारेज गरि नयाँ कायम हुने विद्यालयको नाममा कायम गर्नका लागि गाउँ शिक्षा समितिको राय तथा गाउँकार्यपालिकाको निर्णय सिफारिसका आधारमा मालपोत कार्यालमा पठाउनुपर्नेछ।

(झ) खण्ड ( ज) बमोजिम सम्पत्ति दाखिला खारेज भएको ब्यहोराको जानकारी गाउँपालिकाले मन्त्रालय तथा विभागलाई समेत जानकारी गराउनुपर्नेछ।

(ञ) एक भन्दा वढी प्रारम्भिक बालविकास केन्द्र भएका विद्यालयहरुमा कार्यरत वालविकास केन्द्रका सहजकर्ताहरुलाई विद्यार्थी संख्याको आधारमा अन्य विद्यालयहरुमा समायोजन वा कामकाजमा खटाउन सकिनेछ।

(ट) गाउँपालिका भित्र सञ्चालित दुई वा दुई भन्दा वढी संस्थागत विद्यालयहरुले विद्यालय गाभ्नका लागि विद्यालय सञ्चालक समिति वा विद्यालय व्यवस्थापन समितिको सिफारिस सहित माग भई आएमा गाउँ शिक्षा समितिले त्यस्ता विद्यालयहरुलाई गाभ्न सक्नेछ।

(ठ) उपदफा (ट) मा जुनसुकै कुरा लेखिएको भएतापनि गाउँपालिकाभित्र सञ्चालनमा रहेका संस्थागत विद्यालयहरुको गाउँ शिक्षा ऐनले निर्धारण गरेको न्यूनत्तम पुर्वाधार पुरा नगरेमा गाउँ शिक्षा समितिले त्यस्ता विद्यालयहरुको स्थलगत अनुगमन गरि नियमानुसार न्यूनत्तम पुर्वाधार भएको नपाइएमा वडा शिक्षा समितिको राय बमोजिम गाभ्न वा बन्द गर्न सक्नेछ।

**४. दरबन्दी मिलानका आधारहरुः**

गाउँ शिक्षा समितिले प्रारम्भिक बाल कक्षादेखी कक्षा ५ सम्म सञ्चालन भएका विद्यालयहरुमा न्यूतत्तम रुपमा प्रति कक्षा १ जना दरबन्दी रहने गरि र माथिल्लो कक्षाहरुमा विषयगत रुपमा शिक्षक व्यवस्थापन गर्ने र तहगत रुपमा दरबन्दीमा रहेका शिक्षकहरुलाई सो विद्यालयको प्रधानाध्यापक बनाउने कार्यलाई शिक्षा समितिले प्रकृया अगाडी बढाउनेछ। शिक्षक विद्यार्थी अनुपात कम भएका शिक्षकहरुलाई दरबन्दी कम भएका वा कुनै प्रकारको दरबन्दी नभएका विद्यालयहरुमा शिक्षक व्यवस्थापन गर्ने र दरबन्दी मिलान देहायका आधारहरु लिईनेछ।

(क) दुई वा दुई भन्दा बढी विद्यालयहरु एक आपसमा गाभिएमा

(ख) शिक्षक विद्यार्थी अनुपान तपसिल भन्द कम भएमा

| क्र.स. | कक्षा | न्यूनत्तम विद्यार्थी शिक्षक अनुपात | कैफियत |
|---|---|---|---|
| १ | बालबिकास केन्द्र | ५ | |
| २ | १-३ | ५ | |
| ३ | १-५ | ६ | |
| ४ | ६-८ | १० | भाषा, गणित र विज्ञान र सामाजिक अनिवार्य |
| ५ | ९-१० | १० | भाषा, गणित र विज्ञान र सामाजिक अनिवार्य |
| ६ | ९-१२ | ७ | भाषा, गणित र विज्ञान र सामाजिक अनिवार्य तथा ऐच्छिक विषय |

(ग) यस निर्देशिकामा उल्लेखित न्यूनत्तम शिक्षक दरबन्दी संख्या भन्दा बढी भएका विद्यालयमा शिक्षक विद्यार्थी अनुपात देहाय बमोजिम भएमा तहगत वा विषयगत रुपमा विद्यालयको आवश्यकताका आधारमा नजिकको विद्यालयहरुमा दरबन्दी सहित शिक्षकलाई काज वा सरुवा गरि व्यवस्थापन गरिनेछ । यसरी शिक्षक व्यवस्थापन गर्दा सम्बन्धित शिक्षकलाई सकभर पायक पर्ने स्थानमा व्यवस्थापन गरिनेछ तर विद्यालय समायोजन वा तह घटाईएको अवस्थामा अन्य विद्यालयको आवश्यकताका आधारमा शिक्षा समितिले निर्णय गरे बमोजिम हुनेछ ।

(घ) कुनै पनि प्रकारको दरबन्दी नभएका तर न्यूनत्तम विद्यार्थी संख्या भई सञ्चालनमा आईरहेका विद्यालयहरुमा दरबन्दी मिलानका क्रममा शिक्षक व्यवस्थापनका प्राथमिकातामा राखिनेछ ।

(ङ) शिक्षक विद्यार्थी अनुपात कम भएका विद्यालयमा कार्यरत तहमा तोकिएको भन्दा माथिल्लो तहको योग्यता भएको शिक्षकलाई माथिल्लो कक्षा सञ्चालन भएको नजिकको विद्यालयमा शिक्षक स्वयंमको इच्छाले जान चाहेमा तहगत र विषयगत रुपमा शिक्षक व्यवस्थापन हुने गरि दरबन्दी मिलान गरिनेछ ।

(च) नियमावली अनुसार योग्यता भएका शिक्षकलाई प्रधानाध्यापकको रुपमा व्यवस्थापन गर्न र योग्यता नपुगेको तहमा वरिष्ठताका आधारमा निमित्त प्रधानाध्यापकको रुपमा व्यवस्थापन गर्न विद्यालय व्यवस्थापन सिमितिलाई उत्तरदायी वनाइने छ । दरबन्दी मिलानका क्रममा समेत प्रधानाध्यापक व्यवस्थापनलाई जोड दिईनेछ । प्रधानाध्यापकहरुको नियूत्ती प्रकृया नेपाल सरकारले निर्माण एवम् निर्देश गरेबमोजिमको प्रकृया अबलम्बन गर्न सकिनेछ ।

५. **विद्यालयको स्तर वृद्धिका लागि हुने समायोजनः**

(१) आधारभूत र माध्यमिक विद्यालयका रुपमा हाल सञ्चालनमा रहेका तथा स्तर बृद्धि गर्न आवश्यक देखिएका र समायोजनका लागि आधार पूरा नभएका विद्यालयहरुका लागि निम्न लिखित विकल्प गर्न दिई समायोजन गरिनेछ ।

(क) कक्षा १-३ सम्म सञ्चालन हुने प्रारम्भिक विद्यालयका रुपमा स्तर वृद्धि गर्ने न्यूनत्तम आधार पूरा नभएका विद्यालयले विद्यालय समुदाय र स्थानीय निकायसँगको सहकार्यमा प्रारम्भिक बालबिकास केन्द्रको रुपमा सञ्चालन हुने विकल्प छान्न पाउनेछन् ।

(ख) कक्षा १-५ सम्म सञ्चालन हुने विद्यायका रुपमा स्तर वृद्धि गर्न आधार पूरा नभएका विद्यालयले कक्षा १-३ सम्मको प्रारम्भिक विद्यालयका रुपमा सञ्चालनमा रहन पाउनेछन ।

(ग) कक्षा १-८ सम्म सञ्चालनमा हुने आधारभुत विद्यालयका रुपमा स्तरवृद्धि भई सञ्चालनमा आउन आधार पुरा नभएका विद्यालयले कक्षा १-५ को रुपमा सञ्चालन हुन पाउनेछन्।

(घ) कक्षा ९-१० सम्म सञ्चालनमा हुने आधारभुत विद्यालयका रुपमा स्तरवृद्धि भई सञ्चालनमा आउन आधार पुरा नभएका विद्यालयले आधारभुत विद्यालयका रुपमा सञ्चालन हुन पाउनेछन्।

(ङ) कक्षा ११- १२ सम्म अनुमति/स्वीकृती लिई न्यून विद्यार्थी भई आधारभूत भौतिक सुविधा समेत नभएका विद्यालयहरु कक्षा १० सम्म माध्यमिक विद्यालयको रुपमा सञ्चालन हुन पाउनेछन्।

(च) भौगोलिक आधार र शैक्षिक उपलब्धीको आधारलाई समेत समायोजको आधार लिईनेछ।

**६. सामयोजन हुने वा गाभिएका विद्यालयहरुको नामाकरण:**

(१) दुई वा दुई भन्दा बढी विद्यालयहरु आपसमा गाभिएर नयाँ ठाउँमा विद्यालय स्थापना हुने भएमा राष्ट्रियता, स्थानीयता र ऐतिहासिकता झल्किने साविकको नाम र नयाँ नाम राख्न सकिनेछ, तर, नियमावलीको नियम १५४ को विद्यालयको नामाकरण सम्बन्धी व्यवस्था अनुसार कुनै व्याक्ती, स्मारक वा ऐतिहासिक चीजबस्तुको नामबाट विद्यालयको नाम रखिएको रहेछ भने ब्यक्ती, स्मारक वा ऐतिहासिक चीजबस्तुको नामबाट विद्यालयको नाम रख्नुपर्नेछ।

(२) समायोजन हुने वा गाभिने विद्यालयका सरोकारवाला समुदायले स्थानीय निकाय र गाउँपालिकाको सिफारिसमा गाभिएको विद्यालय भवनमा शिशु कक्षा, बैकल्पिक शिक्षा, सामुदायिक सिकाई केन्द्र वा वाचनालय वा स्थानीय तहको आवश्यकता अनुसार बालबालिकाहरुको सर्वाङ्गिण विकास हुने अन्य कुनै कार्यालय वा कार्यक्रमहरु सञ्चालन गर्न सक्नेछ।

(३) सामयोजन भई सञ्चालनमा नरहेका विद्यालय भएको स्थानमा भविष्यमा पुनः विद्यालय सञ्चालनका लागि न्यूनत्तम विद्यार्थी संख्या भएमा र विद्यालय आवश्यक देखिएमा विद्यालय सञ्चालन गर्न गाउँपालिकाले सञ्चालन गर्न सक्नेछ।

## परिच्छेद-३
## भौतिक, शैक्षिक व्यवस्थापान र अनुदान सम्बन्धी व्यवस्था

**७. विद्यालय समायोजन पछि गर्नु पर्ने भौतिक व्यवस्थापन:**

(१) विद्यालय समायोजन वा गाभिएपछि उक्त विद्यालयमा रहेको फर्निचर, पाठ्यसामग्री लगयतका अन्य शैक्षिक समाग्री गाभिएको विद्यालयको नाममा जिन्सी दाखिला गर्नुपर्नेछ।

(२) विद्यालय समायोजन वा गाभिएको विद्यालयको विद्यालयमा रहेको शैक्षिक प्रयोजनमा काम नलाग्ने पुराना शैक्षिक सामग्री र माल सामानको विवरण तयार गरी त्यस्ता मालसमानको सालाखाला न्यूनत्तम मूल्य कायम गरी आवश्यक कारबाहीका लागि विद्यालय व्यवस्थापन समितिले समर्थन गरेको मूल्यमा लिलाम गरी प्रप्त हुन आएको रकम विद्यालयको कोषमा जम्मा गर्नुपर्नेछ।

(३) विद्यालय समायोजन वा गाभिएपछि गाभिएको विद्यालयको आय आर्जनमा प्रयोग भएको जग्गा जमिनमा कृषि, पशुपालन, व्यवसायिक खेति गरिएको रहेछ भने त्यसको निरन्तरताको लागि गाभिएको विद्यालयले गाभिने विद्यालयमा योजना सहित पेश गर्नुपर्नेछ।

(४) अनुमति वा स्वीकृति रद्द गरिएको वा बन्द गरिएको विद्यालयको चल अचल सम्पत्ति गाउँ शिक्षा समितिको सिफारिसमा नजिकको विद्यालय वा गाभिएको विद्यालयले प्रयोग गर्न पाउने छ।

**८. प्रोत्साहन अनुदान दिईने:**

(१) दुई वा दुईभन्दा वढी विद्यालय एक आपसमा समायोजन भई गाभिएमा त्यसरी गाभिएका विद्यालयको भौतिक एवम् शैक्षिक सुविधा व्यवस्थापनको लागि आगामी आर्थिक बर्ष २०८२/०८३ को बजेट पूरै विद्यालय गाभिएमा एक पटकको लागि मातृ विद्यालयलाई पालिकाको निर्णयबमोजिम प्रोत्साहन स्वरुप उपलब्ध गराईने छ।

(२) विद्यालय समायोजन वा गाभिएपछि उक्त विद्यालयमा भवन, शौचालय, फर्निचर आदि निर्माण गर्न अत्यावश्यक भएमा उक्त कार्यको लागि संघ, प्रदेश, वा गाउँपालिकामा भौतिक सुविधा विस्तारको शीर्षकमा आउने अनुदानमा पहिलो प्राथमिकता क्रममा उपलब्ध गराउनुपर्नेछ।

**९. विद्यालय समायोजन पछि गर्नु पर्ने शिक्षक कर्मचारी व्यवस्थापन:**

(१) विद्यालय समायोजन पछि वा तह वा कक्षा घटाइएपछि विद्यालयमा आवश्यकता भन्दा वढी भएका शिक्षकहरुलाई गाउँ शिक्षा समितिको पुल दरबन्दीमा राखी अर्को व्यवस्था नभए सम्मको लागि समायोजन भएकै वा गाभिएकै विद्यालयमा कामकाजमा खटाउन सकिनेछ।

(२) गाभिएका विद्यालयमा आवश्यक भन्दा वढी शिक्षक संख्या रहन गएमा नजिकैको पायक पर्ने विद्यालयहरुमा आवश्यकता र दफा ५ ग मा भएको व्यवस्थाका आधारमा गाउँ शिक्षा समितिको सिफारिसमा पदस्थापन गरिनेछ।

(३) विद्यालय समायोजन वा बन्द भएका स्वीकृत प्राप्त विद्यालयको तहगत संख्या गाउँपालिकाको नक्साङ्कनका आधारमा विद्यालय खोल्न आवश्यक देखिएमा र पुर्वाधार पूरा भएको खण्डमा गाउँ शिक्षा समितिले विद्यालय सञ्चालनको लागि अनुमति दिन सक्नेछ।

**१०. विद्यालय समायोजन पछि गर्नुपर्ने अन्य व्यवस्थापन:**

(१) विद्यालय समायोजन पछि समायोजन भई जाने विद्यालय कर्मचारी समेत स्वत: समायोजन भएको मानिनेछ। समायोजन हुने विद्यालयको कर्मचारीको व्यवस्थापन अर्को व्यवस्था नहुञ्जेलसम्म गाभिएर जाने विद्यालयमा नै करारमा व्यवस्थापन गर्न सो अनुदान कोटा गाउँपालिकाको पुलमा राखिनेछ। सो वडामा वा नजिकको वडाको कुनै विद्यालयको उही पदको कर्मचारी पद अनिवार्य अवाकाश वा अन्य कारणले रिक्त भएमा त्यस्ता फाजिलमा रहेका कर्मचारीलाई व्यवस्थापन गरि पुलमा रहेको अनुदान कोटा स्वत: खारेज हुनेछ।

## परिच्छेद- ४

## विद्यालय समायोजन सम्बन्धी शिक्षा शाखा र गाउँ शिक्षा समितिको भूमिका

**११. शिक्षा शाखाको काम:**

(१) विद्यालय समायोजन तथा दरबन्दी मिलान सम्बन्धी कार्यक्रम कार्यान्वयनका लागि विद्यालयले IEMIS मा प्रविष्ठी गरेको विवरणलाई मूख्य आधार मान्ने र गाउँ शिक्षा समितिका पदाधिकारीहरुसंग स्थलगत अनुगमन गरि प्रतिवेदन पेश गर्ने .

(२) विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघलाई विद्यालय समायोजन तथा दरबन्दी मिलान सम्बन्धी कार्यक्रम कार्यान्वयनका लागि क्रियाशिल बनाउने कार्यक्रम सञ्चालन गरि प्रगति विवरण शिक्षा समिति तथा पालिकालाई पेश गर्ने।

(३) विद्यालय समायोजन तथा दरबन्दी मिलान सम्बन्धी कार्यक्रम कार्यान्वयनको अवस्थाको मासिक रुपमा अनुगमन, सुपरिवेक्षण तथा नीरीक्षण गरि र मूल्याङ्कन गरी पालिकामा पेश गर्नुपर्नेछ।

(४) विद्यालयको तहगत तथा कक्षा गत विद्यार्थी संख्या र विद्यालयगत कार्यरत जनशक्तको विवरण आवश्यक परेमा विभिन्न समितिहरुमा पेश गर्नुपर्नेछ।

(५) शिक्षक विद्यार्थी अनुपात, शिक्षहरुको विषयगत दरबन्दी तथा अन्य विद्यालयको विवरणहरु गाउँ शिक्षा समितिलाई आवश्यकताअनुसार उपलब्ध गराउने

**१२. गाउँ शिक्षा समितिको कामः**

(१) विद्यालय समायोजन तथा विद्यालय गाभ्ने सम्बन्धी कार्यक्रम कार्यान्वयनका लागि आफ्नो गाउँपालिका भित्रका विद्यालयहरुको अवस्था अध्ययन गरि विद्यालय समायोज्रन तथा दरबन्दी मिलान सम्बन्धमा वैठक, आवश्यक छलफल तथा अन्तर्कृया कार्यक्रमहरु सञ्चालन गरि सुझावहरु संकलन गर्ने।

(२) विद्यार्थी संख्या न्यून भएका विद्यालयहरुको समायोजन तथा दरबन्दी मिलानमा विद्यालय व्यवस्थापन समिति तथा वडा शिक्षा समितिले सहयोग नगरेमा गाउँ शिक्षा समितिले आवश्यकता र औचित्यताको आधारमा समायोजन वा मिलान गर्ने।

(३) विद्यालय नक्साङ्कनका आधारमा तोकिएको स्थानमा विद्यालय सञ्चालन गर्ने गराउने कार्यका लागि सम्बन्धित सरोकारवालाहरुको सहकार्यमा विद्यालय रहने स्थान निर्धारण गरि त्यस्तो स्थानको जग्गाको स्वामित्व विद्यालयको नाममा कायम गर्न निर्णय लिने।

(४) विद्यालय व्यवस्थापन समिति र विद्यालयहरुसँग परामर्श एवम् छलफल गरि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र ग्रामथान शिक्षा ऐन, २०७७ तथा नियमावली २०७७ ले दिएको अधिकार प्रयोग गरि यस निर्देशिकामा भएको व्यवस्था र शर्तका आधारमा विद्यालय समायोजन र दरबन्दी मिलान गर्नेछ।

## परिच्छेद-५
## विविध

१३. **निर्देशिका संसोधनः** गाउँकार्यपालिकाले सरोकारवालाहरुको निकाय वा व्यक्तिहरुको परामर्शमा आवश्यकता देखिएमा यो निर्देशिका संसोधन गर्न सक्नेछ।

१४. **बाझिएमा अमान्य हुनः** यस निर्देशिकामा व्यवस्था गरिएका विषयहरु अन्य नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहबाट जारी गरिएका ऐन तथा नियमावलीसँग बाझिएको खण्डमा बाझीएको हद सम्मका बुँदाहरु अमान्य हुनेछन्।

१५. **व्याख्या:** यो निर्देशिका लागू हुनु भन्दा अगाडी पालिकाले समायोजन गरेका विद्यालयहरुका शिक्षक तथा कर्मचारीहरु र अन्य शिक्षकहरुलाई गरिएको काज सरुवालाई समेत यसै निर्देशिका बमोजिम दरबन्दी मिलान गरिए सरह हुने गरि पदस्थापन गरि तालुक निकायमा अभिलेखिकरणका लागि पठाईनेछ। यस निर्देशिकामा भएको व्यवस्थाको व्याख्या गाउँकार्यपालिकाबाट हुनेछ र गाउँपालिकाले गरेको ब्याख्या नै अन्तिम हुनेछ। यो निर्देशिकामा भएका व्यवस्थाहरु आवश्यकता अनुसार क्रमश: कार्यान्वयन गर्दै लगिनेछ।

**समाप्त**

आज्ञाले
प्रमुख प्रशासकीय अधिकृत